## तिलोत्तमा नगरपालिका
## नगर कार्यसमितीको कार्यालय
रुपन्देही, ५ नं. प्रदेश नेपाल

# सिलबन्दी बोलपत्र आव्हान सम्बन्धि सूचना

**सूचना नं. ०६/०७३/०७४(निर्माण)**
**प्रथम पटक प्रकाशित मिति २०७४।०१।१५**

तिलोत्तमा नगरपालिका कार्यालयको आ.व. ०७३।०७४ को स्वीकृत कार्यक्रम अनुसार निम्नानुसारको निर्माण कार्य सिलबन्दी बोलपत्रको माध्यमबाट सम्पन्न गर्नुपर्ने भएको हुँदा नेपाल सरकारबाट इजाजत प्राप्त निर्माण व्यवसायीहरुबाट निम्न शर्तको अधिनमा रहि रितपुर्वकको सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु :–

१. तपसिलमा उल्लेखित दस्तुर (फिर्ता नहुने) नगदै बुझाई नगदी रसीदसाथ उत्पादकले ब्यबसाय नविकरण भएको इजाजत पत्र, आयकर तथा मु. अ. कर दर्ता प्रमाण पत्रका प्रमाणित प्रतिलिपी संलग्न गरी लिखित निवेदन दिई यो सुचना पत्रिकामा प्रथम पटक प्रकासित भएको मितिले ३० (तिसौ) दिन कार्यालय समयसम्म आर्थिक प्रशासन शाखाबाट बोलपत्र फारम खरिद गर्न सकिनेछ ।

२. यस कार्यालयबाट खरिद गरेको फाराम नियम अनुसार भरी सिलबन्दी गरी खामको बाहिर कामको विवरण, ठे.नं., बोलपत्र नाम र ठेगाना समेत खोली कार्यालयलाई सम्बोधन गरी ३१ (एकतिसौ) दिन दिनको १२:०० बजे सम्म यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका बोलपत्र सोही दिनको २:०० बजे बोलपत्र दाता स्वयं वा निजको प्रतिनिधी र कार्यालय प्रतिनिधीहरुको रोहवरमा खोलिनेछ । बोलपत्र दाता वा निजको प्रतिनिधी उपस्थित नभएता पनि खोल्ने कार्य गर्न बाधा पर्ने छैन । बोलपत्र खरिद, दाखिला वा खोल्ने दिन बिदा परेमा क्रमस: सो को भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा दाखिला र खोल्ने कार्य हुने छ ।

३. सिलबन्दी बोलपत्र साथ हुन आउने तपसिलमा उल्लेखित जमानत वापतको रकम यस कार्यालयको नाममा रहेको कृषि विकास बैंक भैरहवा स्थित धरौटी खाता नं ०४१४६०११४५१७८०१६ मा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस कार्यालयको नाममा ने.रा. बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकले जारी गरेको कम्तिमा १२० (एकसय बिस) दिन म्याद भएको बिडबण्ड (धितो जमानी पत्र) संलग्न हुनु पर्नेछ ।

४. बोलपत्र शर्त रहित, प्रत्येक आईटममा केरमेट नभएको, कार्यालयबाट उपलब्ध गराईएको डकुमेन्टमा कुनै थपघट वा द्रष्टब्य नलेखिएको हुनु पर्नेछ । दररेट सच्याउनुपर्ने भएमा सच्याईएको ठाँउमा दस्तखत र छाप भएको हुनु पर्ने छ ।

५. समय भित्र प्राप्त नभएको, रित नपुगेको, सूचनाका शर्त विपरित भएको बोलपत्र माथि कुनै कारवाही हुने छैन ।

६. बोलपत्र मा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइने छ ।

७. बोलपत्र दर्ता गर्नु अगावै सम्बन्धित ब्यबसायीहरुबाट साइट निरिक्षण गरी आबश्यक जानकारी लिन सकिने छ ।

८. बोलपत्र को डकुमेन्ट, स्पेसीफिकेशन, परिमाण सूचना आदिमा (भाषागत समेत) त्रुटी भएमा वा विषय प्रशंगले अर्को अर्थ लागेमा कार्यालयले कुनै पनि बेला सच्याउन बाधा पर्ने छैन ।

९. प्राप्त सिलबन्दी बोलपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिक रुपमा मात्र स्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहीत रहने छ ।

१०. यसमा उल्लेख नभएको ब्यहोराको हकमा सार्वजनिक खरीद ऐन २०६३ तथा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ र प्रचलित ऐन नियमानुसार हुनेछ ।

**तपसिल**

| सि.नं | ठेक्का नं. | कार्यको विवरण र स्थान | ल.ई.रकम ( मु.अ.कर बाहेक) रु. | बोलपत्र जमानत रु. | बोलपत्र दस्तुर रु. | किसिम |
|---|---|---|---|---|---|---|
| १ | १५ /०७३/०७४ | केशर मार्ग तथा शितलकुन्ज मार्ग निर्माण | ८६५०१३८।२१ | २,५९,००० | १००० | सिलबन्दी बोलपत्र |
| २ | १६ /०७३/०७४ | सुमेरुमार्ग पुर्ब बर्गदवा देखि हरैया मन्दिर सडक | ४३२९२६१।७७ | १,२९,००० | १००० | सिलबन्दी बोलपत्र |
| ३ | १७ /०७३/०७४ | दुर्गानगर दुर्गामन्दिरदेखि गाइघाट सम्म | ५१९४४१४।१२ | १,५५,००० | १००० | सिलबन्दी बोलपत्र |

कार्यकारी अधिकृत

मोहन पौडेल
कार्यकारी अधिकृत